# राजविराज नगरपालीका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी २ नं. प्रदेश, नेपाल

प.स.
च.नं.

**विषय : पोखरी ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०७६ । ०२ । २८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको साविक वडा नं. ९ हाल २ मा रहेको राजदेवी पोखरीको ठेक्का आ.ब. २०७६।०७७ देखि ३ बर्षका लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ती, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपुर्वक सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७६।०२।२८ गते देखी २०७६।०३।२५ गते कार्यालय समय भित्र रु. १०००।०० ( अक्षरेपी एक हजार) (फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम सक्कलै २०७६।०३।२६ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपुर्वक खोलिने छ ।

## शर्त तथा बन्देजहरु

१. आ.व. २०७६।०७७ देखि ३ बर्षका लागि पोखरीको ठेक्काको न्युनतम रकम रु १,५१,०००।०० (अक्षरेपी एक लाख एकावन हजार) कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार तीन बर्षका लागि ठेक्का दिइ चलन गर्न दिईने छ ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य सौचालय हुनु पर्ने छ ।

३. प्राप्त बोलपत्रहरु मिति २०७६।०३।२६ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५ प्रतिशतले हुने धरौटी रकम यस न.पा. कार्यालयको रा.वा. बैंकमा रहेको धरौटी खाता हि.नं. २१८०३०३००७१०८ मा जम्मा गरि सो को सक्कलै भौचर बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहीले हुने धरौटी बाहेकको ३ बर्षलाई कबोल गरेको रकमको बार्षिक दामासाहिले हुने रकम मध्ये पहिलो किस्ता (बार्षिक हुन आउने रकम) सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनु पर्ने छ । बाकि रकम प्रत्येक बर्ष श्रावण मासान्त भित्र न.पा.मा अग्रिम रुपमा बुझाउनु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ३००।- (तिन सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । सम्झौता गर्दा दाखिला गरेर बाकि रकमको हकमा ठेक्का बाकि अवधिको म्याद भएको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी) वा नगरक्षेत्र भित्रको धन तथा जेथा जमानी) दिनु पर्ने छ ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुलउपर गर्न सक्ने छ ।

८. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशन विनाशर्त पालना गर्नु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

९. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

१०. ठेक्का चलनमा कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाइएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

११. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१२. कुनै किसिमको हडताल, बन्द, चक्काजाम वा बाढि पहिरो आदि भएका दिनको वा क्षति विबरण खुलाई रकम मिन्हा माग्ने पाईनेछैन ।

१३. स्वीकृत बोल रकम एक मुष्ठ जम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१४. पोखरीको मााछा झिक्दा बिषादीको प्रयोग गर्न पाउने छैन, उक्त  पोखरी सफा सुघर राख्नु पर्ने छ । पोखरीमा नुहाउन र पानी लिन, प्रचलित संस्कार मनाउन मनाहि गर्न पाउने छैन ।

१५. पोखरी हाल जुन अवस्थामा छ, सोहि अवस्थामा ठेक्का संचालन गर्नु पर्नेछ, र पछि बाढि वर्षा वा अन्य कुनै प्रकारले पोखरीको डील भत्केमा वा टुटेमा ठेकेदारले स्वयंम मर्मत गरि माछा पालन गर्नु पर्नेछ । सो मा लाग्ने खर्च न.पा.ले ब्योहोर्ने छैन । पोखरीको सुन्दरतामा अभिवृद्धि गरि सफा सुग्घर राख्नु पर्ने छ ।

१६. ठेक्का चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. वर्तमान अवस्थामा पोखरीमा भएको माछामा कुनै किसिमको दावी गर्न पाईने छैन ।

१८. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१९. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

२०. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२१. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।